**महाभारत गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देविटार, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**
**स्था. २०७३**

# करार सेवामा शिक्षक पदको विज्ञापन

**प्रकाशित मितिः २०७८।०४।०४**

यस महाभारत गाउँपालिका अन्तर्गतका तपशिलमा उल्लेखित विद्यालयहरुमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी र राहत अनुदान कोटाका पदहरु रिक्त भएको र तत्तत् विद्यालयहरुबाट विद्यालय व्यवस्थापन समितिको निर्णयसहित पदपूर्ति गरिदिन' भनी माग भै आएको हुँदा महाभारत गाउँपालिकाको शिक्षा ऐन २०७७ तथा करारका शिक्षक तथा विद्यालय कर्मचारी छनौट कार्यविधि २०७८ बमोजिम उक्त पदहरुमा करार सेवामा पदपूर्तिको लागि यो विज्ञापन प्रकाशित गरिएको छ।

**तपशिल**

| विज्ञापन नं. | क्र.सं. | विद्यालयको नाम | पद | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| ००३।२०७७-७८, शिक्षा | १ | आजाद आ वि, महाभारत ६ | प्रा शि तृ, करार | २ | |
| | २ | गौलेश्वरी आ वि, महाभारत ६ | प्रा शि तृ, करार | २ | |
| | ३ | चन्द्रसुर्य आ वि, महाभारत ३ | प्रा शि तृ, करार | २ | |
| | ४ | गौरी आ वि, महाभारत ५ | प्रा शि तृ, करार | १ | |
| | ५ | ज्योति आ वि, महाभारत ७ | प्रा शि तृ, करार | २ | |
| | ६ | जनकल्याण आ वि, महाभारत ७ | प्रा शि तृ, करार | २ | |
| | ७ | सिद्देश्वर मा वि, महाभारत ३ | प्रा शि तृ, करार | १ | |
| | ८ | कालिदेवी मा वि, महाभारत २ | प्रा शि तृ, करार | ३ | |
| | ९ | भैरव मा वि, महाभारत १ | प्रा शि तृ, करार | २ | एक जना अपांग (राहत अनुदान कोटा) |
| | १० | शम्मेश्वर आ वि, महाभारत ८ | प्रा शि तृ, करार | २ | |
| जम्मा | | | | १९ | |

***परीक्षाको किसिमः*** शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रममा आधारित लिखित, अन्तर्वार्ता र आवश्यक परेमा प्रयोगात्मक।

***परीक्षा केन्द्रः*** श्री जनमोहन मा वि, महाभारत ६, सल्लेनी, काभ्रे।

***दरखास्त दस्तुर र दरखास्त दस्तुर बुझाउने विधिः*** आवेदन दिने उम्मेदवारले रु १,०००। (अक्षरेपी एक हजार मात्र) दरखास्त दस्तुर बुझाउनु पर्नेछ। दरखास्त दस्तुर यस गाउँपालिकाको श्री सनराइज बैक लिमिटेड, महाभारत शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०९३०५३६२१४७०३००५ मा जम्मा गर्नु पर्नेछ।

***दरखास्त अवधिः*** करार सूचीका उम्मेदवारका लागि २०७८।०४।१० सम्म र खुला उम्मेदवारका लागि २०७८।०४।२० सम्म र दोब्बर दस्तुर तिरी २०७८।०४।२७ सम्म

***दरखास्तको माध्यमः***

१. विज्ञापित सबै पदहरुमा नोटरी पब्लिकबाट प्रमाणित आवश्यक कागजातहरुका प्रतिलिपि र यस गाउँपालिकाको website: www.mahabharatmun.gov.np मा रहेको आवेदन फाराम भरी यस गाउँपालिकाको शिक्षा शाखामा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पालना गरी कार्यालय समयमा आवेदन पेश गर्न सकिनेछ।

***आवश्यक कागजातहरुः*** उम्मेदवारले शैक्षिक योग्यताको प्रमाणपत्र, अध्यापन अनुमति पत्र, नेपाली नागरिकताको प्रमाणपत्र र दरखास्त दस्तुर दाखिला गरेको सक्कल बैंक भौचर।

***उम्मेदवारको उमेरको हदः*** २०७८।४।२० सम्म १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको।

***तलब तथा सेवा सुविधाः*** नेपाल सरकारले तोके बमोजिम।

| परीक्षा कार्यक्रम | | | | |
|---|---|---|---|---|
| | प्रारम्भिक परीक्षा | दोस्रो चरण | अन्तर्वार्ता | कैफियत |
| परीक्षा समय | २०७८।०४।२८ बिहान ८.०० बजे | २०७८।४।३० बिहान १०.०० बजे | लिखित परीक्षाको नतिजा प्रकाशन भएको दिन तोकिने छ। | |
| नतिजा प्रकाशन | २०७८।०४।२८ | २०७८।४।३१ | | |

***आवश्यक न्यूनतम योग्यताः*** क) आधारभूत तह (१-५) को अध्यापन अनुमति पत्र प्राप्त गरेको (ख) शिक्षा शास्त्र संकायमा प्राविणता प्रमाणपत्र तह उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको।

**शिक्षक तथा विद्यालय कर्मचारी छनौट समिति**